म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ९८ मंगलबार, ३० कात्तिक २०७८ द्वादशी ने. सं. ११४२ कछलाथ्व 16 November, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

साझाकुरा

www.sajhakuranews.com

## थाहाका ठकुरी चन्द्रागिरीमा पक्राउ

हेटौंडा/मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिका-८ बस्ने ३५ बर्षिय अरुणसिंह ठकुरी काठमाडौं चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट पक्राउ परेका छन् ।

लागूऔषध गाँजासहित प्रहरीले उनलाई पक्राउ गरेको हो । प्रहरीले उक्त स्थानबाट करिब १ केजी अवैध लागूऔषध गाँजाको धुलोसहित ठकुरीलाई पक्राउ गरेको जनाएको छ । ठकुरीलाई महानगरीय प्रहरी प्रभाग नागढुङ्गाबाट खटिएको प्रहरीले उक्त परिणामको गाँजासहित सोमबार बिहान पक्राउ गरेको हो ।

सोमबार त्रिशुलीबाट काठमाडौंतर्फ आउँदै गरेको प्रदेश ३-०१-००५ ख ९९४७ नम्बरको बसलाई नागढुङ्गास्थित चेक प्वाईन्टमा चेकजाँच गर्दा बसमा सवार ठकुरीको साथबाट सो परिणामको गाँजा बरामद भएको र निजलाई पक्राउ गरेको महानगरीय प्रहरी प्रभाग नागढुङ्गाले जनाएको छ । पछिल्लो समय प्रहरीले लागूऔषधसहित पक्राउ गर्नेको संख्या बढेको छ । विशेषगरी मकवानपुरका युवा पक्राउ पर्ने गरेका छन् ।

# अझैपनि समस्या झेल्दै बनकरिया

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको पश्चिमी क्षेत्रमा पर्ने मनहरी गाउँपालिका वडा नम्बर-४ मुसेधापमा रहेको वनकरिया वस्तीमा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री, देखि सांसदहरुसम्म पुगेका छन् ।

जनपत्र मिडिया प्रालि मकवानपुरको आयोजना तथा संसद सहयोग परियोजना संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम युएनडीपीको सहयोगमा नागरिकसँग सांसद विषयक अन्तरक्रिया कार्यक्रममा बागमती प्रदेशसभाका सदस्यहरुले उनीहरुको समस्या बुझेका हुन् ।

खुल्लाचौरमा गरिएको अन्तरक्रियामा वनकरियाहरुले वर्षौंदेखिको जंगली जीवन छोडेर जमिनको लापलपुर्जा पाउनुपर्ने, गाउँमा बिद्यालय, खानेपानी, सडकको उचित व्यवस्था गर्न माग गरेका छन् । यता प्रदेशसभाका सदस्यहरुले बनकरियाको समस्या समाधान गर्न तीनै तहका सरकारलाई दवाव दिने आश्वासन दिएका छन् ।

जनताको पहुँचमा सांसदहरुलाई अझै पहुँच योग्य बनाउनका लागि यो कार्यक्रम वनकरिया वस्तीमा गरिएको हो । संसदीय र राज्यका मामिलामा संलग्न हुनु र जानकारी पाउनु नागरिकको अधिकार भएकाले नागरिकसंग प्रतक्ष संबाद कार्यक्रम राखिएको हो । बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले वनकरियाका कारण मकवानपुरको चिनारी भएको बताए ।

कार्यक्रमलाई संबोधन गर्दै उनले वस्तीलाई व्यवस्थित बनाउनका लागि आफुहरुले तीनै तहका सरकारलाई दवाब दिने आश्वासन व्यक्त गरे । वनकरिया समुदायले पनि लालपूर्जा पाउने चरणमा पुग्दा भूमि आयोगनै खारेज भएकोमा उनले आपत्ति जनाए ।

'यहाँको वस्तीलाई स्थायी रुपमा राख्नका लागि वनकरिया समुदाय र आफुहरुको पहल हुनेछ यो वस्ती नजिक बिद्यालय नहुँदा समस्या भएकोले विद्यालय खोल्नुपर्ने हुन्छ । स्कुल खोल्न हामी लाग्छौं । अहिले यस समुदायका बालबालिकालाई जतिसम्म पढ्ने हो त्यती सम्म निशुल्क हुनुपर्छ । अझै विद्यालय स्तरमा पढ्नका लागि त शुल्क लाग्दैन । कसैले लगायो भने गाउँपालिकाले पढ्ने वतावरण तयार पार्छ ।' उनले भने । वस्तीमा शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, विजुलीको उचित व्यवस्थापन गर्न सरकारलाई आफुहरुले दवाव दिने उनले बताए

प्रदेशका सामाजिक विकास पूर्वराज्यमन्त्री जुनेली श्रेष्ठले आफुले आफुलाई वनकरिया हौं भनेर हिनताबोध नगरि काम गर्न आग्रह गरिन् । अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले भनिन् । 'यो समुदायको विकास गर्न हामि लाग्छौं । अब तपाईंहरु र हामी सबै एउटै हौं त्यसैले कुनैपनि काममा अग्रसर भएर लागौं ।'

यस समुदायको विकासका लागि स्थानीय सरकार र प्रदेश सरकार मिलेर काम गरिने बताइन् । हरेक समस्याको समाधान हुने भएकाले आयआर्जन र बृद्धि बिकासमा लाग्न उनले आग्रह गरिन् ।

बागमती प्रदेशसभाका सदस्य सन्त चेपाङले वनकरियाका समस्याहरु बुझ्नैका लागि आफुहरु गाउँमै आएको बताए । अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले सिमान्तकृत लोपोन्मुख समुदायको समस्या बुझेर त्यही अनुसार काम गरिने बताए । बागमती प्रदेशका प्रदेशसभाका सदस्य ओम बहादुर ग्लानले वनकरियाहरु पनि अब आत्म निर्भर वन्नका लागि लाग्नुपर्ने बताए ।

जीवन बाच्नकै लागि संघर्ष गरिने बताउँदै उनले भने 'आफै आत्मनिर्भर वन्नका लागि सोचौं तपाइहरुले छिट्टै जग्गाको पूर्जा प्राप्त गर्नुहोस भन्ने शुभकामना पनि व्यक्त गर्दछु ।'

यही वस्ती व्यवस्थितगर्नका लागि आफुहरुले सहयोग गर्ने बताए । नागरिकले भनेको जस्तो कानून तत्काल वनाउन नसक्दा समस्या भएको उनको भनाइ छ । कार्यक्रममा मनहरी गाउँपालिकाका अध्यक्ष एकराज उप्रेतीले वस्तीलाई स्थायी गराउनका लागि संघीय सरकारसंग पहल भइरहेको बताए । मनहरीमा ८ सय परिवार सुकुम्वासी रहेको उनले जानकारी दिए । कार्यक्रममा मनहरी-४ का वडा अध्यक्ष ध्रुब खड्काले यस वस्तीका लागि सबै सांसदले ध्यान दिनुपर्ने बताए ।

कार्यक्रममा आफ्ना गाउँको समस्या पोख्दै स्थानीय सन्तोष वनकरियाले बर्षौदेखि जग्गाको उपभोग गर्दै आए पनि आफ्नो नाममा नहुँदा समस्या भएको बताए । आफुहरुलाई काम गर्नका लागि कुनै अपठेरो नभएको दाबी गर्दै उनले भने 'जग्गा छ । खेती गर्दै आएका छौं । तरकारी पनि लगाएका छौं । तर, वारम्वार वन कार्यालयले वस्ती हटाउन लाग्दा हामी समस्यामा पर्ने गरेका छौं । बर्षायाममा बाढी आएर भाग्नुपर्ने बाध्यता त्यतिनै छ ।'

स्थानीय ठुलीमाया वनकरियाले आफुहरु पहिले जंगलका वडारमा बसेको भएपनि अहिलेको पुस्तालाई यही वस्ने वातावरण मिलाउनका लागि सांसदसंग माग गरिन् । तत्काल विरामी हुँदा एमुलेन्स आउन सक्ने सडक नहुँदा समस्या परेको उनले दुखेसो पोखिन् ।

स्थानीय बुद्धराम प्रजाले यसक्षेत्रका हरेक घरधुरीका लागि सरकारले हेर्नुपर्ने बताए । सरकारले यो वस्तीबाट हटाउन खोज्ने भन्दा पनि स्थायी रुपमा वसोवास गराउनुपर्ने स्थानीय कान्छीमायाँ वनकरियाको भनाइ छ ।



'जग्गा छ । खेती गर्दै आएका छौं । तरकारी पनि लगाएका छौं । तर, वारम्वार वन कार्यालयले वस्ती हटाउन लाग्दा हामी समस्यामा पर्ने गरेका छौं । बर्षायाममा बाढी आएर भाग्नुपर्ने बाध्यता त्यतीनै छ ।'

# त्रिखण्डीमा शान्तिपूर्ण एकादशी मेला

साझाकुरा संवाददाता

हेटौंडा/ हरिबोधिनी एकादशीका दिन सोमबार मकवानपुरको भैंसेमा रहेको त्रिखण्डी मन्दिरमा भक्तजनहरुको शान्तिपूर्ण मेला लागेको छ ।

कार्तिक शुक्ल एकादशीका दिनमा भगवान् विष्णुको प्रतीकका रुपमा तुलसीको विवाह र विशेष पूजा गरी मनाइने हरिबोधिनी एकादशी पर्वमा हरेक बर्षझैं भीमफेदी गाउँपालिका २ भैंसेको त्रिखण्डी मन्दिरमा ठुलो जात्रा लागेको छ । सोमबार बिहानैदेखि त्रिखण्डी मन्दिरमा भक्तजनहरुको ठुलो घुँइचो लागेको थियो ।



यस्तै आज तुलसीको मठ नजिकै विष्णुको प्रतीकका रुपमा निगालाको लिंगो गाडेर विधिपूर्वक पूजा गरिन्छ । कात्तिक महिनाभर सबै देवदेवी तुलसीमै निवास गर्छन् भन्ने धार्मिक विश्वास छ । आजको दिन अन्न खान नहुने मान्यता रहेकाले सखरखन्ड, पिँडालु र वनतरुल उसिनेर फलाहार गरिन्छ । यसरी व्रत गरेमा पाप नाश भई पुण्य वृद्धि हुने र मोक्ष प्राप्ति हुन्छ भन्ने धार्मिक विश्वास रहँदै आएको छ ।

यसैबीच मकवानपुरको मकवानपुरगढीमा रहेको वंशगोपाल मन्दिरमा पनि एकादशीको दिन पूजाआजा भएको छ । मन्दिर पूजा गर्नको लागि बिहानैदेखि भक्तालुहरुको लाइन लागेको थियो ।

त्रिभुवन राजपथ सडकखण्डमा पर्ने त्रिखण्डी मन्दिमा पुजा गर्न र रमाउन मकवानपुर लगायत छिमेकी जिल्ला चितवन, बारा, पर्साका मानिसहरुपनि पुजाआजाको लागि आएका छन् । यसैगरी हरिबोधनी एकादशीका दिन मकवानपुरको उत्तरीक्षेत्र थाहा नगरको दामनमा रहेको ऋषेश्वर मन्दिर, मकवानपुर गढीमा समेत मेला लागेको छ ।

## मूल्य बृद्धिविरुद्ध एक घण्टा चक्का जाम




साझाकुरा संवाददाता

हेटौंडा/नेत्र विक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी मकवानपुरले हेटौंडा बजार अन्तर्गतको पूर्व-पश्चिम राजमार्गमा एक घन्टा चक्काजाम गरेको छ ।

नेकपाले पेट्रोलियम पदार्थ, एलपी ग्यास र खाद्य वस्तुमा सरकारले गरेको मूल्य बृद्धिको विरुद्धमा आयोजित उक्त एक घन्टे चक्काजाम कार्यक्रम गरेको हो । एक घन्टे चक्काजाम सफल पार्न नेपाल कम्युनिस्ट पार्टी मकवानपुरका नेता कार्यकर्ता र जनता कालो ब्यानर सहित बीच सडकमा उत्रिएका थिए ।

चक्काजाम कार्यक्रमको सुरुवातमा नै केन्द्रीय सदस्य तथा मकवानपुरका जिल्ला इन्चार्ज नयनले जबरजस्त राज्यले नेपाली जनतामाथि लादिएका महंगी तथा कालोबजारीको विरुद्धमा नेपाल कम्युनिस्ट पार्टीले सशक्त कदम चाल्दै चक्काजाम गर्ने ठाँउसम्म आइपुगेकोले त्यसलाई सफल पार्न सवारी चालक, यात्रुका साथै आम जनतालाई अपिल गरेका थिए ।

जिल्ला सेक्रेटरी वाटर र हेटौंडा नगर सेक्रेटरी सुर्य अर्याल सहितको उपस्थितिमा भएको चक्काजाम सफल पार्न सवारी चालक, यात्रुहरुका साथै आम जनताले सहर्ष साथ दिएको नेकपाले जनताएको छ । त्यस्तै आम जनताको ढाड भाँचिने गरी थोपरेको महँगी तथा कालोबजारीको विरुद्धमा यहि सिट्टी तथा मसाल जुलुस र नेपाल बन्दको समेत आव्हान गरेको जनाइएको छ ।

## प्रदेशसभा क्षेत्र सभापतिमा बानियाँको उम्मेदवारी घोषणा



साझाकुरा संवाददाता

हेटौंडा/नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा मकवानपुरको प्रतिनिधिसभा १ को प्रदेश सभा (ख)को सभापतिको लागि कांग्रेस युवा नेता राजेश बानियाँले आफ्नो उम्मेदवारी घोषणा गरेका छन् ।

कांग्रेसको नेतृत्वका लागि विभिन्न पदहरुमा उम्मेदवारी घोषणा भइरहेका बेला उनले सोमबार औपचारिक रुपमा उम्मेदवारी घोषणा गरेका हुन् । हाल उनी हेटौंडा उपमहानगर वडा नम्बर ५ का वडा अध्यक्षसमेत हुन् ।

बानियाँले प्रदेश सभा क्षेत्र (ख) को सभापतिमा आफ्नो उम्मेदवारी रहने बताए । मकवानपुर जिल्लामा २ वटा प्रतिनिधि सभा क्षेत्र र ४ वटा प्रदेश सभा क्षेत्र रहेका छन् । २०४९ सालमा सादरण सदस्यबाट राजनिति क्षेत्रमा प्रवेश गरेका बानियाँ २०५८ सालमा पार्टीको क्रियाशील सदस्य लिएका थिए । २०६४/०६५ मा तरुण दल जिल्ला सदस्य बनेका नेता बानियाँ १३ औं महाधिवेसनको वुथ प्रतिनिधि रहेका थिए ।

क्षेत्र १ को प्रदेश सभा (ख) अन्तरगत हेटौंडा उपमहानगर को वडा नम्बर २, ४, ५, ६, ७, ८, ९, १०, १२,१३, १४, १५ वडाहरु पर्दछन् ।

## रिद्धिसिद्धिको एक्साभेटरमा आगजनी

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-१५ मा संचालित रिद्धिसिद्धि सिमेन्ट उद्योगको एक्साभेटरमा तोडफोड र आगजनी गरिएको छ ।

राक्सिराङ गाउँपालिका-४ गिंगु खानीमा उद्योगको एक्साभेटरमा आगजनी भएको हो । पार्किङमा रहेको ३ वटा एक्साभेटर मध्ये प्रदेश ३-०१-००३ बा ५७३४ नम्बरको एक्साभेटरमा आगजनी हुदा पूर्ण रुपमा क्षति भएको छ ।

त्यसैगरी पार्किङ गरेको बा २ क ५८९ र बा ३ क ६९७ नम्बरको एक्साभेटरमा तोडफोड भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक जयश्वर रिमालले जानकारी दिए । आगजनी र तोडफोड कस्ले गर्यो भन्नेबारे अनुसन्धान भइरहेको उनले बताए ।

घटनास्थलमा प्रहरी निरीक्षकको टोली पठाएर अनुसन्धान अघि बढाएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।


## आकर्षक घडेरीहरु विक्रीमा

हेटौंडा उपमहानगरपालिका वडा नं.-१५, रातोमाटेपनेश स्थित महेन्द्र राजमार्ग रातोमाटे बजारबाट मात्र ३ कि.मी. पूर्वतर्फ रिङरोडको बस्तिमाझ खानेपानी, ढल, विद्युतको सुविधा भएको, व्यापारिक तथा आवसिय प्रयोजनको लागि अति उपयुक्त आकर्षक घडेरीहरु सुपथ मुल्यमा बिक्री वितरण हुदैछ ।




| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |

०५७-५२३९३१ ९८४९११०८९२ ९८५५०६८७१६ ९८५११६७२६७ ९८५५०७२३०८ ९८४५०२८५१९ ९८०२९१४११६






Times AutoHub Hetauda

Contact:057-590610, 9855067840



## कर्मचारी आवश्यकता

यस मकवानपुर साझा यातायात प्रा.लि.को लागि निम्न बमोजिम कर्मचारीहरु आवश्यक परेको हादा सम्बन्धित काममा अनुभव र हेटौंडा बजार क्षेत्रका व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

- **पद** : चालक (२ जना)
- **उमेर** : ३५-४५ वर्षसम्म, हेभी लाइसेन्स भएको र कम्तिमा ५ वर्षको अनुभव
- **पद** : कन्डक्टर (१ जना महिला/पुरुष)
- **उमेर** : २५-३५ वर्षसम्म
- **तलब/भत्ता** : आपसी समझदारीमा

साथै, साझा बस फोल्डिङ सिट भएको, सुमो स्कार्पियो, बोलेरो सुपथ मुल्यमा रिजर्भ/भाडामा उपलब्ध छ ।

**सम्पर्कः**

**९८५५०६८८७३, ९८४५४५७५०७**

साझाकुरा

## हाम्रो कुरा

# पर्यटन क्षेत्रमा देखिएको आशा

बागमती प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रममै पर्यटन क्षेत्रको विकास र पर्यटकीय व्यवसायलाई जोड दिने योजना अघि सारिने उल्लेख गरेको छ । त्यसै अनुसार बागमती प्रदेशको उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयले विभिन्न योजना अघि सार्न थालिसेको छ । प्रदेशले मात्र होइन संघीय सरकारले समेत पर्यटनमा आशासँगै उत्साहको अपेक्षा गरेको छ । कोरोनाअघि आठ महिनामा प्रतिमहिना औसत ८५ हजार पर्यटकले नेपाल भ्रमण गरेका छन् । यो गत वर्षको औसतभन्दा १३ हजारले बढी हो । गत वर्ष यही अवधिमा कुल ५ लाख ७६ हजार पर्यटक नेपाल भित्रिएकोमा यस वर्ष सोही अवधिमा ६ लाख ८० हजार पर्यटक आएका छन् । नेपालको मुख्य पर्यटकीय महिना मानिने गत वर्ष यो संख्या नौ लाख ४० हजार थियो । नेपाल आउने पहिलो नम्बरमा अहिले पनि भारतीय पर्यटक नै रहेका छन् भने चीनले तीव्र गतिमा त्यो संख्यालाई पछ्याउँदै गएको छ ।

नेपाल पर्यटन गन्तव्यका लागि विश्वका सबै भागका लागि आकर्षक गन्तव्य हो । खासगरी पैदलै हिँडेर प्राकृतिक वातावरणमा रमाउने र हिमालको दृश्यावलोकन गर्न चाहने विश्वभरका पर्यटकका लागि नेपाल एउटा गज्जबको गन्तव्य हो । यो तथ्यलाई विश्वमा भ्रमणका आकर्षक गन्तव्यका सूची प्रकाशित गर्ने विभिन्न संस्थाका प्रकाशनले पनि प्रस्ट पार्छन् । नेपालको यो आकर्षण केवल प्राकृतिक सुन्दरता या वन्यजन्तु आरक्षका क्षेत्रमा मात्र छैन, बरु हिन्दू तथा बौद्ध धर्मावलम्बीका लागि रहेका महत्वपूर्ण तीर्थस्थलले पनि थपेका छन् । नयाँ-नयाँ गन्तव्यको राम्ररी प्रचार-प्रसार गर्न र आवश्यक भौतिक पूर्वाधार निर्माण गर्न सक्दा पर्यटक आगमनमा अझै वृद्धि हुने निश्चित छ । थाइल्यान्ड, म्यानमार, श्रीलंका र चीनका पर्यटक लुम्बिनीमा आकर्षित हुने गरेका छन् । हालै म्यानमार र श्रीलंकाका राष्ट्रपति तथा भुटानका प्रधानमन्त्री नेपाल भ्रमणमा आउँदा लुम्बिनी पनि पुगेका थिए ।

यी सबै ठाउँको जुन महत्व छ, त्यसलाई राम्ररी प्रचार गर्न र आवश्यक भौतिक पूर्वाधार निर्माण गर्न सक्दा यस प्रकारको भ्रमणमा अझै वृद्धि हुने निश्चित छ । आगामी वर्ष पूरा हुन लागेको लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणपछि थप पर्यटक भित्रिन सहज हुनेछ । यसैगरी नेपाल वायुसेवा निगमले अहिले आएर धेरै वर्षपछि नेपाली ध्वजावाहकमार्फत विश्वका विभिन्न गन्तव्यमा सीधा उडान गर्ने अवस्था आएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५[illegible] |
| बारुण यन्त्र: | |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ कात्तिक १ गते बुधबार १७ नोभेम्बर २०२१ । कात्तिक शुक्ल त्रयोदशी । कछुलाथ्व त्रयोदशी ११४१ । सूर्योदय ६:२५ र सूर्यास्त ५:११ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आफन्तजन भेट | **तुला** | : अध्ययनमा बाधा |
| **वृष** | : मित्रजन भेट | **वृश्चिक** | : धन प्राप्ति |
| **मिथुन** | : प्रेममा सफलता | **धनु** | : शत्रुबाट मुक्त |
| **कर्कट** | : शुभ कार्यको थालनी | **मकर** | : धन नष्ट |
| **सिंह** | : सुख प्राप्ति | **कुम्भ** | : मिष्ठान्न भोजन |
| **कन्या** | : यात्राको योग | **मीन** | : आलश्यता |

------------ आगामी चुनाव ------------

# गठबन्धन कि एक्लाएक्लै ?



डम्बर खतिवडा

नेपालको संविधान-२०७२ बमोजिमको दोस्रो चुनाव अब धेरै पर छैन । निर्वाचन आयोगका अनुसार चैत ५ गतेभित्र पर्ने गरी स्थानीय तहको निर्वाचन शुरू हुनुपर्नेछ । संघीय तथा प्रादेशिक निर्वाचन आउन पनि अब एक वर्ष मात्र बाँकी छ । आगामी निर्वाचनको राजनीतिक शक्ति सन्तुलन, गणितीय समीकरण र परिणाम कस्तो होला ? जनस्तरमा चासो र चर्चा हुन थालिसकेको छ ।

गत निर्वाचनको भन्दा यसपालिको परिदृश्य निकै फरक छ । गत चुनावमा संविधान जारी गर्दाका असन्तुष्टि र आन्दोलन कायमै थिए । निर्वाचनको मुख्य मुद्दा नै संविधानको स्वीकार्यता, अर्ध-स्वीकार्यता वा अस्वीकार्यता थियो । स्थानीय निर्वाचन तीन चरणमा भएको थियो । मधेश केन्द्रित दलहरूको एउटा हिस्साले तेस्रो चरणमा मात्र भाग लिएको थियो ।

स्थानीय निर्वाचनमा नेपाली कांग्रेस र नेकपा (माओवादी) नजिकिएका थिए । एमाले पार्टी एक्लै र एकताबद्ध थियो । नयाँ दलहरूलाई भिन्नै निर्वाचन चिफन दिइएको थिएन । तथापि उपत्यकामा विवेशकील र साझा पार्टीका स्वतन्त्र मेयर उम्मेदवारले उल्लेखनीय मत हासिल गरेका थिए । आम चुनावमा यी दुई पार्टी एक भए । प्रत्यक्षतर्फ जित्न र संघीय थ्रेसहोल्ड काट्न नसके पनि विकेकशील साझाले वागमतीमा प्रादेशिक थ्रेसहोल्ड काटेको थियो ।

स्थानीय चुनावमा फरक-फरक ुवमा रहेका दुई ठूला कम्युनिष्ट पार्टी एमाले र माओवादी केन्द्रले संघीय तथा प्रादेशिक निर्वाचनमा चुनावी गठबन्धन र पार्टी एकताको प्रतिबद्धता दुवै एकसाथ गरेर भाग लिएका थिए । निर्वाचन परिणाममा त्यो गठबन्धनको ठूलो असर परेको थियो । देशको इतिहासमै पहिलोपटक कम्युनिष्ट पार्टीले सबैभन्दा ठूलो विजय हासिल गरेको थियो । संघीय संसदमा झण्डै दुईतिहाइ हासिल गरेको थियो । देशका ७ मध्ये ६ वटा प्रदेशमा प्रादेशिक सरकार बनाएको थियो ।

यी स्थिति आज छैनन् । संविधानप्रतिका असन्तुष्टि कायमै भए पनि त्यो निर्वाचन बहिष्कार गर्ने तहमा आन्दोलन छैन । राजनीतिक दलहरूको अवस्था झनै अस्पष्ट र अन्योलग्रस्त छ । कुन पार्टीले कस्तो चुनावी रणनीति लेलान् ? अहिलेसम्म न पूर्वानुमान गर्न सजिलो छ न पार्टीका मूल नेताहरूमै कुनै प्रष्ट बुझाइ, योजना र रणनीति छ । संसदीय लोकतन्त्रमा चुनाव 'अर्ग्यानिक परिणाम' दिने प्रक्रिया मात्र हैन । संसदीय लोकतन्त्रमा चुनावको गणित र रणनीतिले समेत निर्वाचन परिणामलाई धेरै हदसम्म प्रभावित गर्दछ । पार्टी निष्ठा र स्थिर मतदान प्रवृत्ति हावी भएको देशमा चुनावको गणित अनुमान गर्न, चुनावी समीकरण निर्माण र परिणाम पूर्वानुमान गर्न त्यति असहज हुँदैन ।

२०१५ सालको संसदीय निर्वाचनलाई समेत जोड्दा नेपालमा अहिलेसम्म सातवटा लोकतान्त्रिक आम निर्वाचन भएका छन् । प्रादेशिक निर्वाचन एकपटक मात्र भएको छ भने २०४६ साल यता तीन वटा स्थानीय निर्वाचन भएका छन् । यी सबै निर्वाचनका परिणामलाई एक ठाउँमा ल्याएर हेर्दा औसत मतदान प्रवृत्ति खासै नयाँ र अनपेक्षित देखिँदैन । सबैजसो निर्वाचनमा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका विभिन्न घटक प्रभावशाली रहँदै आएका छन् । त्यसपछिको स्थान मधेश केन्द्रित दल र राजतन्त्रवादी शक्तिले लिने गरेका छन् भने गत निर्वाचनमा विवेकशील साझा एक नयाँ प्रवृत्तिको दल उदित भएको ठानिएको थियो ।

२०४६ सालपछिको दलीय टुटफुट र अस्थिर सत्ता गठबन्धनको अनुभवलाई दृष्टिगत गर्दै नयाँ संविधान जारी गर्दा दल विभाजन तथा दलबदल प्रावधानलाई संविधान र राजनीतिक दल सम्बन्धी ऐन दुवैमा कठोर बनाइएको थियो । कठोर प्रावधानले विचार र एजेण्डा मिल्ने दलहरू बीच एकता हुने, दलीय संख्यामा संकुचन आउने, अन्तरदलीय लोकतन्त्र बलियो र विस्तारित हुने, वैचारिक धार बमोजिमका सीमित संख्यामा भएका बलिया दलहरू बीचको रचनात्मक प्रतिस्पर्धाले लोकतन्त्र र राजनीतिक संस्कृतिको गुणस्तर सुधार हुने अपेक्षा गरिएको थियो ।

प्रारम्भमा त्यसका केही राम्रा संकेत देखिएका थिए । दुई ठूला कम्युनिष्ट पार्टी एमाले र माओवादी केन्द्र मिलेर नेकपा (नेकपा) बनाए । तीन टुक्रा भएर चुनाव लडेको, थ्रेसहोल्डको सीमा भेट्न नसकेको, पुरातनवादी धारको प्रतिनिधित्व गर्ने राप्रपा चुनावपछि एक भयो । विवेकशील र साझाले पार्टी एकता गरी विवेकशील साझा बनाए । नयाँ शक्ति पार्टी र संघीय समाजवादी फोरम मिलेर समाजवादी पार्टी बन्यो । त्यो फेरि राष्ट्रिय जनता पार्टीसँग मिलेर जनता समाजवादी पार्टी बन्यो । दलीय चरित्र, लोकतन्त्रको गुणस्तर र राजनीतिक संस्कृति सुधारोन्मुख भएको छनक मिल्न थालेको थियो । तर, यो दिगो प्रवृत्ति भने बन्न सकेन । 'आफ्नो बानी को छोड्छ, अरूको बानीको को लिन्छ' भन्ने उखान जस्तो दल, नेता र कार्यकर्ताहरू पुरानै टुटफुटको संस्कृतिमा फर्किए । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीका कतिपय नीति, प्रवृत्ति, कार्यशैली र शासकीय अहंकारले फुटफुटको संस्कृतिलाई सबैतिर प्रेरित गर्‍यो । उनको प्रतिनिधिसभा असमयमै विघटन गर्ने 'पुस ५ गते' को कदमले नयाँ चरणको राजनीतिक शक्ति संघर्ष निम्त्यायो । राजनीतिक प्रवृत्ति र संस्कृतिमा सुधार नआउन्जेल कठोर दलबदल तथा दल विभाजन कानूनले पनि कुनै परिणाम दिन सक्ने रहेनछ भन्ने पुष्टि भयो ।

एमाले र माओवादी केन्द्र मिलेर बनेको नेकपा (नेकपा) तीन टुक्रा भयो । माओवादी र एमाले त छँदै थिए, नेकपा (एस) थप जन्मियो । सपा र राजपाको एकता पनि दिगो रहेन । राजपा पक्षको एउटा हिस्सा भिन्नै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) गठन गर्ने निर्णयमा पुग्यो । विवेकशील साझामा उस्तै समस्या देखिएको छ । त्यो पार्टी फुटको सँघारमा छ । गत आम चुनाव, प्रादेशिक र स्थानीय निर्वाचनमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राजपा, संघीय समाजवादी फोरम, विवेकशील साझा, राप्रपा नेपाल, नयाँ शक्ति पार्टी, राष्ट्रिय जनमोर्चा, नेमकिपा, नेपाल समाजवादी पार्टी, जनमुक्ति पार्टी र संघीय लोकतान्त्रिक मञ्च गरी १३ दलले कुनै न कुनै तहमा आफ्ना प्रतिनिधि विजय गराएका थिए । यस निर्वाचनमा यी दलहरू मूलत: पाँच वटा धारमा समेटिने विश्लेषण र अपेक्षा थियो तर व्यवहार त्यो बाटो हिंडेन । आगामी निर्वाचनमा पनि मूलत: यिनै र यिनैको एकता र विभाजनबाट बनेका दलहरूको वरिपरि चुनावी समीकरण र परिणाम हुनसक्ने देखिन्छ ।

ती बाहेक नेकपा (विप्लव), नेकपा (वैद्य), नेकपा (माले) जस्ता साना दलहरू अद्यापि अस्तित्वमा छन् । उनीहरूको चुनावी सहभागिता र रणनीतिले परिणाममा खासै भिन्नता आउने सम्भावना देखिन्न । मधेशमा डा. सीके राउत नेतृत्वको जनमत पार्टी चर्चामा छ तर यसको निर्वाचकीय भूमिका र भविष्य परीक्षित भएको छैन । त्यसबाहेक आगामी चुनावलाई प्रभावित पार्न सक्ने गरी बिल्कुलै नयाँ दल देखा परेको छैन । कमरेड रोहित नेतृत्वको नेपाल मजदूर किसान पार्टी आगामी चुनावमा पनि चुनावी मैदानमा अवश्य रहनेछ । तर, शायदै परिणाममा भिन्नता आउनेछ । भक्तपुरको संघीय संसदको एक सिट फेरि पनि यही पार्टीले जित्न सक्दछ । भक्तपुर नगरपालिका र केही वडामा सीमित हुने हुँदा यो दलको भूमिकाबारे खासै उत्सुकता कसैमा छैन । भक्तपुर पछि यो पार्टीको संगठन र जनमत भएको जिल्ला कर्णाली प्रदेशको दैलेख हो । कुनै बेला दैलेखका दुवै प्रतिनिधिसभा निर्वाचन क्षेत्र जित्ने हैसियत यो पार्टीको थियो । तर, अहिले दैलेखमा यो पार्टी केही वडाहरूमै सीमित हुने सम्भावना छ ।

जनमुक्ति पार्टी लगभग अस्तित्व संकटको अवस्थामा छ । रिज्वान अन्सारी नेतृत्वको नेपाल समाजवादी पार्टीको आधार प्रदेश-२ र सर्लाही जिल्ला हो । त्यहाँ पनि यो दल खुम्चिंदो अवस्थामा नै छ । कुमार लिङ्देन नेतृत्वको संघीय लोकतान्त्रिक मञ्चको आधार पूर्वी पहाडका जिल्ला र लिम्बूवानी आन्दोलन हो । सम्भवत: चुनावी परिणाममा यी पार्टीहरू पुरानै वा अझ कमजोर स्थितिमा हुनेछन् । राष्ट्रिय जनमोर्चा नेकपा (मसाल)को चुनावी मञ्च हो । चुनावी परिणामलाई प्रभावित गर्न सक्ने गरी तीन जिल्ला बागलुङ, अर्घाखाँची र प्यूठानमा अझै यो पार्टीको सघन जनमत छ । तर, एक्लाएक्लै चुनाव लड्नु परेको खण्डमा संघ र प्रदेशको चुनावी परिणामको तालिकामा यो पार्टी शून्य नहोला भन्न सकिन्न । स्थानीय तहमा भने यी तीन जिल्लाभित्रका एकाध पालिका र वडामा यसले अझै चुनाव जित्न सक्दछ ।

गत निर्वाचनमा यो पार्टी एमाले-माओवादी गठबन्धनको सहयोगी दल थियो । पार्टी महासचिव मोहनविक्रम सिंहको गृहजिल्ला प्यूठानबाट उनकै पत्नी दुर्गा पौडेल गठबन्धन उम्मेदवारका रूपमा प्रतिनिधिसभामा निर्वाचित भएकी थिइन् । बागलुङ अर्का वरिष्ठ नेता चित्रबहादुर केसीको गृह जिल्ला हो । यसमा भने राष्ट्रिय जनमोर्चाले गठबन्धनबाट प्रदेश सभामा दुई सिट जितेको थियो । गत आम निर्वाचनमा केन्द्रीय थ्रेसहोल्ड काट्न नसकेको यो दलको निर्वाचन परिणाम बढ्ने खासै राजनीतिक आधार देखिएको छैन । गत चुनावमा यो पार्टीले संघीयता विरोधी दलको छवि बनाएको थियो । राप्रपा र साझा जस्ता पार्टी समेत संघीयता विरोधी मुद्दामा बलियो उभिएको अवस्थामा संघीयता विरोधी छवि यो दलसँग मात्र सीमित रहने छैन ।

कमल थापा, पशुपतिशमशेर जबरा र प्रकाशचन्द्र लोहनी गरी तीन समूहको एकतापछि पनि एक्लै प्रत्यक्ष चुनाव जित्न पुग्ने सघन जनमत यो पार्टीको कुनै जिल्लामा देखिएको छैन । राप्रपा शीर्ष नेताहरूको गृहजिल्ला मकवानपुर, सिन्धुपाल्चोक र नुवाकोटको स्थानीय राजनीतिलाई नियाल्दा र त्यहाँबाट प्राप्त सूचना विश्लेषण गर्दा राप्रपाको खासै प्रगति भएको पाइन्न । बरु पुरानो जनमत पनि खस्किँदै गएको सुनिन्छ । राप्रपाको बलियो स्थानीय जनमत भएका जिल्ला झापा र बाँके हुन् । झापाका राजेन्द्र लिङ्देन र बाँकेका धवलशमशेर जबरा पार्टीका शीर्ष नेताहरूभन्दा आ-आफ्नो गृह जिल्लामा बलिया र लोकप्रिय छन् । तर, यी दुई नेताको छवि र सक्रियताले मात्र प्रतिस्पर्धामा निर्वाचन जित्न सहज छैन । गत निर्वाचनमा झापाबाट लिङ्देनले एमालेको सहयोगमा जितेका थिए । यही संयोगको कारण संघीय प्रतिनिधिसभामा राप्रपाको प्रतिनिधित्व भएको थियो । बाँकेमा राणाको लोकप्रियता नितान्त व्यक्तिगत हो । त्यो राप्रपाको पार्टीगत शक्ति हैन । तथापि एकताको कारण राप्रपाको समानुपातिक भोट नबढ्ला भन्न सकिन्न । प्रत्यक्षतर्फ उस्तैउस्तै हो, समानुपातिक भोटमा राप्रपाले आगामी चुनावमा थ्रेसहोल्ड काटे खासै आश्चर्य मान्न पर्दैन । तर, त्यसका लागि पनि नयाँ चुनौती सृजना भएको छ । विवेकशील साझा पार्टीले- राप्रपाका एकलौटी जस्तो भएका मुद्दा बोक्न पुग्नु । देशको पुरातनपन्थी, रुढिवादी तथा राजतन्त्रवादी भोट बैंक राप्रपाको एकलौटी भोट बैंक जस्तो थियो । तर, रवीन्द्र मिश्रले विवेकशील साझा पार्टीलाई मार्ग परिवर्तन गराई नवसम्वर्धनवादी दलको रूपमा स्थापित गरेपछि राप्रपाको अस्तित्व थप संकटमा पर्न सक्दछ ।

एक सूचना अनुसार देशको राजतन्त्रवादी नेटवर्क जसले बेलाबेला 'राजा आऊ, देश बचाऊ' अभियान चलाउने गर्ने गरेको छ, यो नेटवर्कले आगामी निर्वाचनमा राप्रपालाई छोडेर साझा पार्टीलाई मत दिने सम्भावना बढेको छ । पार्टी निर्माणको तीन दशक समय हुँदा पनि राप्रपाले कुनै उल्लेखनीय प्रगति नगरेको हुँदा कमल थापाको नेतृत्वबाट सम्वर्धनवादी शक्तिको विकास हुन नसक्ने निष्कर्षमा त्यस्ता समूहहरू पुगेको बताइन्छ । सूचना अनुसार पूर्व राजा ज्ञानेन्द्र शाह निकट केही व्यक्ति, समूह, व्यापारिक घराना र सेनाका केही पूर्व जर्नेलहरूको ढाडसपछि मिश्रले त्यो बाटो रोजेका हुन् ।

देशमा एक 'मोडरेट कन्जर्भेटिभ' पार्टीको आवश्यकता रहेको र त्यो आवश्यकता कमल थापा नेतृत्वको राप्रपाले पूरा गर्न नसक्ने हुँदा अब रवीन्द्र मिश्र र साझालाई नै साथ दिनु उचित हुने त्यो धारका बुद्धिजीवीहरूले खुलेर बोल्न थालेका छन् । यस्तो विचारको पैरवी गर्दै आएका विश्लेषक तथा लगानीकर्ता अरुणकुमार सुवेदीले एक ट्वीटमा भनेका छन्- 'सहमति, असहमति एक ठाउँ होलान्, तर रवीन्द्र मिश्रले लिन थालेको मोडरेट कन्जर्भेटिभ धारले भाका टिप्न सक्दछ । राप्रपाले तीन दशकमा टिप्न सकेन, नेका लेफ्ट-लिवरलतिर ढल्कियो । शुभकामना दिएँ मैले चाहिं ।'

यो आगामी चुनावका लागि सानो आकारको फरक राजनीतिक परिदृश्य हो । तर, राप्रपाको संगठनात्मक भोट भने साझा पार्टीतिर जाने सम्भावना छैन । तसर्थ पुरातनपन्थी भोट राप्रपा र साझा दुईतिर विभाजित हुँदा दुवै दलले थ्रेसहोल्ड काट्न नसक्ने अवस्था आउन पनि बेर छैन । विवेकशील साझा पार्टीको मिलन पाण्डे समूह भने आउने चुनावसम्म रवीन्द्र मिश्र सँगसँगै नबस्ने निश्चित छ । उनीहरूको सोच, विचार र एजेण्डा नै एउटै पार्टीमा बस्न नसक्ने गरी आनका तान फरक भएका छन् ।

अन्तत: चुनावी परिदृश्यमा नेपाली कांग्रेस, एमाले, माओवादी, नेकपा (एस), जसपा र लोसपा यी ६ दल नै बाँकी रहने हुन् । यी पार्टीहरू बीच ध्रुवीकरण वा चुनावी गठबन्धन हुन्छ वा यी एक्लाएक्लै चुनावमा जाने छन् ? यो आगामी चुनावी परिणामलाई प्रभावित गर्ने एक मुख्य प्रश्न हुनेछ । गठबन्धन बन्यो भने एकप्रकारको अन्यथा अर्कै प्रकारको परिणाम आउन सक्दछ । तर, यी दलहरू बीच सोलोडोलो गठबन्धन बन्न त्यति सजिलो भने छैन । यसका अनेक व्यावहारिक तथा मनोवैज्ञानिक जटिलता छन् । मूलत: सीट बाँडफाँडको प्रश्न व्यावहारिक रूपले जटिल भएर आउँछ भने सैद्धान्तिक तथा एजेण्डागत दृष्टिकोणले पनि यी निकै भिन्न छन् ।

पाँचदलीय गठबन्धनका केही शीर्ष नेताहरूले यो गठबन्धन सरकार चलाउनका लागि मात्र नभएर आगामी निर्वाचनसम्म सँगै जाने बताउने गरेका छन् । एक प्रकारले यो सकारात्मक सोच हो । समाजमा एमाले संगठन सञ्जाल र सूर्य चिफनप्रतिको ब्राण्ड निष्ठाले जुन प्रकारको सामाजिक गतिहीनता, जडता र यथास्थितिवादलाई मलजल गरेको छ, त्यसलाई तोड्न र ओलीको अहंकारलाई सधैंका लागि ठेगान लगाउन आगामी निर्वाचन अहिलेसम्मकै एक सुनौलो अवसर हुन सक्दछ ।

यतिका धेरै राजनीतिक आरोह-अवरोहपछि पनि मतदान प्रवृत्ति र निर्वाचन परिणाममा उल्लेखनीय बदलाव आउन सकेन भने त्यो देशको प्रगतिशील तथा अग्रगामी रूपान्तरणकै लागि एक ठूलो चुनौती बन्नेछ । देश पुनश्च: यथास्थितिवादमा फस्नेछ । संसदीय विकृतिको युग पुनरावृत्ति हुनेछ । विगत तीन दशककै प्रवृत्तिहरू जतातते पुनश्च: दोहोरिनेछन् । पाँच पार्टी गठबन्धन गर्ने हो भने त्यो एक सरल र सामान्य गठबन्धन नभए निकै जटिल प्रवृत्तिको असामान्य महागठबन्धन बन्न पुग्दछ । साझेदार दलहरूका लागि नेपाली कांग्रेसले ठूलो संख्यामा प्रत्यक्ष सीटहरू छोड्न तयार हुनुपर्नेछ, जो आजसम्म कांग्रेसले कहिल्यै गरेको छैन । कांग्रेस कार्यकर्ताहरू सबै दलहरू क्षतविक्षत भएको, विशेषत: मूल प्रतिस्पर्धी मानिएका कम्युनिष्ट शक्तिहरू टुक्राटुक्रा र तिक्ततापूर्ण सम्बन्धको स्थितिमा भएको हुँदा नेपाली कांग्रेसले एक्लै बहुमत ल्याउने विश्वासमा छन् । नेपाली कांग्रेसभित्र बलियो रहेको यस्तो सोचले महागठबन्धनको अवधारणामा स्वाभाविक रूपमा तगारो हाल्दछ । तर, कांग्रेसले सधैं घटनाक्रमलाई सरलरेखामा बुझेर हुँदैन । क्षतविक्षत राजनीतिक अवस्थाको सोलोडोलो निकासका लागि संसदीय लोकतन्त्रमा यदाकदा महागठबन्धन बन्नु अस्वाभाविक हैन । छिमेक भारतमा पनि यदाकदा यस्ता प्रयोग भएका छन् । सन् १९७५ को आपतकालपछि सबै गैरकांग्रेस पार्टीहरू त्यहाँ एउटै जनता पार्टीमा समेटिएका सम्म उदाहरण छन् । त्यसले भारतको इतिहासमै पहिलो गैरकांग्रेस सरकार बनाएको थियो । ओली प्रवृत्तिमाथि निर्णायक र ऐतिहासिक विजय हासिल गर्ने हो भने नेपाली कांग्रेसको छाती अलिक ठूलो हुनुपर्दछ ।

यदि कांग्रेस महागठबन्धनको अवधारणामा जान राजी हुने हो भने शायद अरू दलहरू स्वाभाविक रूपमा तयार हुनेछन् । त्यस्तो अवस्थामा एमाले पनि अर्को महागठबन्धन बनाउन बाध्य हुनेछ । त्यस्तो अवस्थामा दुई महागठबन्धन बीच चुनाव हुन सक्दछ । नेपाली कांग्रेस, माओवादी केन्द्र, नेकपा (एस), जसपा, राष्ट्रिय जनमोर्चा र विवेकशील पक्ष एकातिर हुन सक्दछन् भने एमाले, राप्रपा, लोसपा, साझा, नेमकिपा र जनमत पार्टी महागठबन्धनको अर्को पक्ष हुन सक्नेछन् ।

यस्ता दुई महागठबन्धन बनेमा सम्भवत: त्यो नेपालको राजनीतिक इतिहासमै एक नयाँ प्रयोग हुनेछ । एकप्रकारले यो अहिलेको राष्ट्रिय आवश्यकता पनि हो । विशेषत: २०७७ पुस ५ गतेपछिको परिदृश्यमा एक निर्णायक राजनीतिक शक्ति संघर्षका लागि यस्तो गठबन्धन सहयोगी हुन सक्दछ । यसो हुन सके चुनावपछिको राजनीतिक परिदृश्य र ध्रुवीकरणले नै एक नयाँ ऐतिहासिक मोड लिन सक्नेछ । आखिर गठबन्धनबाट चुनाव लड्दा पनि प्रत्यक्ष सीट मात्र बाँड्ने मात्रै हो, समानुपातिक भोट आ-आफ्नो पार्टीले प्राप्त गर्ने कानूनी सुविधा छँदैछ । समानुपातिक भोटले पार्टीहरूको हैसियत र स्थान प्रष्ट गरिहाल्छ । सबैतिर प्रत्यक्ष चुनाव लडेर स्रोत, साधन र जनशक्तिलाई छर्नुभन्दा गठबन्धनमा पाएका सीटलाई विजयमा बदल्न केन्द्रित हुन सबै दललाई सजिलो हुन्छ ।

दोस्रो सम्भावना भनेको त्रिकोणीय निर्वाचन हो । यो विधिमा नेपाली कांग्रेस र एमाले एक्लाएक्लै रहन र बाँकी सबैजसो दलहरू एउटा गठबन्धनमा समेटिन सक्दछन् । विशेषत: राप्रपा र साझालाई छोडेर बाँकी सबै दलहरू 'तेस्रो मोर्चा' मा समेटिंदा राजनीतिक रूपले कुनै अस्वाभाविकता र अप्राकृतिकपन देखिन्न । यसो हुनसके तीन मोर्चाबीच बलियो तथा हाराहारीको प्रतिस्पर्धा हुन सक्नेछ । दोस्रो मोडेलमा भने लोसपालाई एमालेतिर जान दिनु उचित हुँदैन । जसपा-लोसपा तत्कालिक तिक्तताहरू बिर्सेर लोसपालाई समेत तेस्रो मोर्चामा ल्याउनु उचित हुन्छ ।

सबै दल भिन्नाभिन्नै चुनाव लड्नु नराम्रो चाहिं हैन, तर त्यसले चुनावी परिणामलाई नयाँ मोड दिने सम्भावना भने न्यून हुनेछ । गठबन्धन गर्ने नगर्ने निर्णयमा पुग्नुअघि सबै दलका शीर्ष नेताहरूले एकपटक निधार खुम्च्याएर सोच्न जरूरी छ । एक्लाएक्लै जाँदा सबैका आ-आफ्ना चुनौती छन् । नफुटेको हुँदा अलिकलि सुरक्षित नेपाली कांग्रेस देखिए पनि कांग्रेसले अन्य सबै पक्षसँग अविश्वास र कटुता मात्र देखाउने हो भने प्रतिध्रुवीकरण हुने सम्भावना बढ्छ । कांग्रेससँग गैरकांग्रेस ध्रुवीकरण धान्न सक्ने ताकत अहिले पनि छैन ।

कांग्रेसको बलियो पक्ष भनेको इतिहासको गौरव र समाजमा एक स्थिर मतदाता अंश हो । बाँकी कुरामा कांग्रेस पनि अरू पार्टीभन्दा खासै बलियो छैन । कांग्रेसका राजनीति, नैतिक, वैचारिक र एजेण्डागत संकटहरू अरू दलकै जतिकै गहिरा छन् । जतिसुकै ठूलो गफ गरे पनि ओली नेतृत्वको एमालेका लागि आउने चुनाव सम्भवत: २०४६ पछिकै सबैभन्दा ठूलो चुनौतीपूर्ण हुनेछ । एमालेको राजनीति, नैतिक, वैचारिक स्खलन आफ्नो ठाउँमा छँदैछ, उसको संगठनात्मक क्षति पनि कम हैन । सबैजसो कम्युनिष्टहरू मिल्दा त नेपाली कांग्रेस एक्लै सबैजसो निर्वाचन क्षेत्रमा झिनो मत अन्तरको प्रतिस्पर्धी बनेको संसदीय गणित भएको देशमा एमालेले यतिका धेरै चुनौती, समस्या, अविश्वास, क्षय, स्खलन र संगठनात्मक क्षतिपछि पनि फुर्ती लगाउनुपर्ने बलिया आधार छैनन् । संसदीय गणितको सामान्य सूत्रबाट हेर्दा समानुपातिक मतमा एमाले अझै उल्लेखनीय स्थानमा रहला नै तर प्रत्यक्ष सीटमा गत चुनावमा भन्दा उल्लेखनीय रूपमा कमजोर हुनेछ ।

माओवादीका आफ्नै चुनौती छन् । मूलत: यो प्रचण्ड नेतृत्वको एक नेता, एक पार्टी जस्तो बनेको छ । एमालेसँग फुटेको माधव-झलनाथ समूह आफूसँग एकतामा आउलान् भन्ने प्रचण्डको अपेक्षा थियो, त्यो पूरा नहुने निश्चित भयो । माधव नेपालका आफ्नै केही बाध्यताहरू छन्, जसको कारण प्रचण्डलाई नेता मानेर उनी माओवादीमा पार्टी विलयन गर्न सक्दैनन् । प्रभु शाह, लेखराज भट्ट, टोपबहादुर रायमाझी जस्ता केही स्थानीय जनाधार भएका नेताले समेत छोडेपछि माओवादी एक्लैले प्रत्यक्ष जित्न सक्ने सीट अझै सीमितीकरण हुन्छन् ।

नेकपा (एस) भर्खरै बन्दैछ । तुरुन्त आउने चुनाव सामना गर्न उसका आन्तरिक प्रक्रिया बलिया भइसकेका छैनन् । जसपा र लोसपाले के बिर्सन मिल्दैन भने गत चुनावमा उनीहरूले हासिल गरेका उपलब्धि गठबन्धनबाटै हो, एक्लाएक्लै हैन । एक्लाएक्लै हिंड्ने अहंकारले आधार क्षेत्रहरू एकपटकलाई सही, अर्को कुनै पार्टीको पोल्टामा पुग्यो भने त्यसपछिको अस्तित्व रक्षाको प्रश्न सहज नहुन सक्दछ ।

- अनलाईनखबर

# तनहुँका दुई पालिकामा सार्वजनिक बिदा

दमौली (रासस)/ हरिबोधनी एकादशी पर्वका अवसरमा तनहुँका शुक्लागण्डकी र व्यास नगरपालिकाले आज सार्वजनिक बिदा दिने निर्णय गरेका छन् ।

शुक्लागण्डकीको आइतबार बसेको बैठकले सार्वजनिक बिदा दिने निर्णय गरेको हो । नगरपालिकाले विगत दुई वर्षदेखि बिदा दिन थालेको छ । दुलेगौँडा पुल्चोकस्थित सेती नदी किनारमा फूलको तोरण तार्ने र स्नान गर्न आउने श्रद्धालु भक्तजनको विशेष ओइरो लाग्छ । मोक्ष प्राप्तिको आस्थाले छिमेकी जिल्ला स्याङ्जा र कास्की विभिन्न स्थानबाट पनि भक्तजन यहाँ आउने गर्दछन् । यसैगरी व्यासले पनि सोही अवसरमा बिदा दिने निर्णय गरेको छ । नगरपालिकाले आइतबार विज्ञप्ति प्रकाशित गरी आज सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

यही कात्तिक २३ गते बसेको कार्यपालिकाको बैठकबाट हरिबोधनी एकादशीका दिन बिदा दिने निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले जानकारी दिए । हरिबोधनी एकादशीको दिन जिल्लाका विभिन्न ठाउँमा ठूलो मेला लाग्ने गर्दछ । शुक्लागण्डकीको पुल्चोकस्थित सेती नदी किनार, कोत्रेस्थित सेती नदी किनार, भिमाद नगरपालिका र म्याग्देको सङ्गममा पर्ने दोभान, भिमादको भिमाद बजारस्थित सेती नदी, व्यास नगरपालिकाको देउरालीनगर, शिशाघाट, आँबुखैरनीको आँधीमूलमा एकादशीका दिन मेला लाग्ने गरेको छ ।

**आँधीमूलमा एकादशी मेला लाग्ने**

आँबुखैरेनी गाउँपालिका-१ स्थित आँधीमूल मन्दिरमा यस वर्ष एकादशी मेला लाग्ने भएको छ । कोरोना सङ्क्रमण न्यूनीकरण भएर जनजीवन सामान्य बन्दै गएकाले आज एकादशी मेला सञ्चालन गर्न लागिएको हो ।

कोरोना कहरका कारण गत वर्ष यहाँ मेला भर्न रोक लगाइएको थियो । एकादशी मेलाका दिन यहाँ हजारौँको सङ्ख्यामा भक्तजनको भीड लाग्ने वडाध्यक्ष किसान थापाले जानकारी दिए । पृथ्वीराजमार्गको सत्रसयबाट २० मिनेटको दूरीमा आँधीमूल पुग्न सकिन्छ ।

आँधीमूल मन्दिरको दर्शन गरे मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहेको पाइन्छ । आँधीमूलस्थल रमणीय भएकाले पूजाअर्चनाका साथै वनभोजका लागि मानिस टाढाटाढादेखि आउने गर्छन् । यो मन्दिरमा साउन महिना र औँसीबाहेकका सबै दिनमा पूजा हुने गर्छ । आँधीमूल देवीको मन्दिरमा परेवा उडाउने, बोका र कुखुरालाई बलि दिने प्रचलन पनि रहेको छ ।

गाउँपालिकाले धार्मिक पर्यटकीय गन्तव्य आँधीमूलको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न लागेको छ । प्यागोडाशैलीको मन्दिर, पार्क, दुई पोखरी र माछाको आकृतिका २३ वटा धारालगायत संरचना रहेको आँधीमूलमा दर्शन गरेमा मनले चिताएको पुग्ने जनविश्वासका कारण तनहुँ, कास्की, स्याङ्जालगायत विभिन्न स्थानबाट दर्शनार्थी आउने गरेका छन् ।

कञ्चन पानी रहेको पोखरीमा ठूलै सङ्ख्यामा खेल्ने माछा यस तीर्थस्थलको प्रमुख आकर्षण हो । जलदेवताका रुपमा विश्वास गरिने यहाँका माछा मरेमा अनिवार्यरुपमा संस्कार (काजक्रिया) गर्नुपर्ने प्रचलनले यहाँको सांस्कृतिक महत्वलाई थप उजागर गरेको छ । मन्दिरका पुजारी युवराज मास्के मगरका अनुसार दर्शन गरेमा मनले चिताएको पुग्ने जनविश्वासका कारण पछिल्ला वर्षमा देशका विभिन्न भागबाट दर्शनार्थी आउने क्रम बढ्दै गएको छ ।

गण्डकी प्रदेश सरकारले पनि प्रदेशमा रहेका ११० पर्यटकीय गन्तव्यमध्येमा आँधीमूललाई राख्दै यसको विकासका लागि पनि चासो दिएको छ ।

**कृषकको गुनासो : बाँदरले मकै ध्वस्त बनायो, राहत पाएनौँ**

"गत असार ११ गते बाँदरले तीन रोपनी क्षेत्रफलमा लगाइएको मकैखेती ध्वस्त बनायो, क्षतिको बारेमा नगरपालिकालाई जानकारी गराएँ तर क्षतिपूर्ति पाइँन", तनहुँको व्यास नगरपालिका-६ का कृषक नवराज न्यौपानेले भने, "नगर पालिकाले कृषकलाई हेरेन ।"

व्यास नगरपालिकाले आइतबार आयोजना गरेको सार्वजनिक सुनुवाइमा गुनासो राख्दै उनले थपे, "गत असार १२ गते नगरपालिकामा आएर अनुरोध गरेँ, बाँदरले दिएको दु:खका बारेमा जानकारी गराएँ, तर कुनै सुनुवाइ भएन ।" वर्षाले धान नष्ट हुँदा सरकारले क्षतिपूर्ति दिने सुनेपनि बाँदर आतङ्कबाट पीडित कृषकलाई नगरपालिकाले सम्बोधन नगरेको उनको गुनासो थियो ।

न्यौपानेले असारमा लगाउनुपर्ने धानको बीउ भदौमा मात्र पाएको, समयमै आलुको बीउ नपाएको गुनासो पनि राखे । उनले विकास निर्माणमा पनि व्यास-५ र ६ लाई उपेक्षा गरिएको आरोप लगाए । "हामीलाई त नगरपालिका छ र भन्ने अनुभूति नै छैन, विकासमा प्राथमिकतामा परेको छैन, मादीपारिको दुई वडालाई हेला गरिएको छ", उनले भने ।

व्यास-२ का तेजबहादुर विश्वकर्माले घर निर्माणका क्रममा पहुँचवालाले मापदण्ड पालना गर्न नपर्ने तर पहुँच नहुनले सबै मापदण्ड पालना गर्नुपरेको गुनासो राखे ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा नगरवासीले फोहर मैला व्यवस्थापन, घरनक्साको मापदण्ड, विकास निर्माण, कृषकका समस्यालगायतका विषयमा गुनासो राखेका थिए ।


नगरवासीको गुनासो सम्बोधन गर्दै नगरप्रमुख वैकुण्ठ न्यौपानेले फोहरमैला व्यवस्थापन, विकास निर्माणलगायतमा नगरपालिका गम्भीर भएर लागिपरेको बताए ।

उनले फोहरमैलाको दीर्घकालीन व्यवस्थाका लागि व्यास-४ र १० को बीचमा पर्ने रानीपानी वनमा वातावरणीय अध्ययन भएको बताउँदै राष्ट्रिय वन भएकाले मन्त्रिपरिषद्बाट स्वीकृत गराउन बाँकी हुँदा ढिलाइ भएको उल्लेख गरे ।

उनले बाँदर पीडितलाई राहत दिँदा थेगिनसक्नुहोला भनेर राहत दिन नसकिएको जनाउँदै भने, "व्यासका अधिकांश वडामा यसको समस्या छ, थेगिनसक्नु होला भनेर राहत दिन सकेका छैनौँ, तर केही सम्बोधन भने अवश्य गर्छौं ।"

न्यौपानेले विकास निर्माणमा सबै वडालाई प्राथमिकता दिइएको बताउँदै समानुपातिक रुपमा वडामा बजेट विनियोजन गरिएको बताए ।

# यसरी सक्रिय हुँदैछन् उद्योगी कांग्रेसका राजनीतिमा



चितवन (रासस)/ उद्योग वाणिज्य संघ चितवनको अध्यक्ष पदमा अप्रत्यासित जित हासिल गरेर चर्चामा आएका युवा उद्यमी राजन गौतम यतिबेला कांग्रेस राजनीतिमा सक्रिय छन् । संघका पूर्वअध्यक्ष उनले सो निर्वाचनमा कल्पना नै नगरिने गरी जित आफ्नो पक्षमा पारेको थियो । कांग्रेस चितवनको यही मंसिर १० गते हुने निर्वाचनमा उनी उपसभापति पदको उम्मेदवार हुन् ।

संघ खैरहनीका पूर्वअध्यक्ष गुणराज श्रेष्ठ कांग्रेस खैरहनी नगर सभापतिमा निर्वाचित भएका छन् । संघ रत्ननगरका पूर्वअध्यक्ष केशवनारायण श्रेष्ठ कांग्रेस रत्ननगर वडा नं २ का सभापतिमा निर्वाचित भएका छन् । राजनीति गर्ने यसलाई 'पेशा' बनाएको आरोप लागिरहेका बेला उद्योगी व्यवसायी राजनीतिमा आउँदा सकारात्मक हुने दाबी गरिएको छ ।

जीवनभर राजनीति गरेकालाई पाखा लगाउँदै व्यवसायी राजनीतिमा आउन हुँदैन भन्नेतर्क अघि सार्ने पनि कम छैनन् । यसो त अग्रणी व्यवसायी उमेश श्रेष्ठ पछिल्लो समय राजनीतिमा सक्रिय छन् । उनको राजनीतिक क्षेत्र चितवन हो । क्षेत्रीय होटल संघ सौराहाका तीन पूर्वअध्यक्ष अहिले कांग्रेसको आसन्न महाधिवेशनमा जिल्ला, प्रदेश र संघमा उम्मेदवारी दिँदै छन् । संघका पूर्वअध्यक्ष सुमन घिमिरेका अनुसार हरिभक्त घिमिरे महाधिवेशन प्रतिनिधि, नारायण भट्टराई प्रदेश प्रतिनिधि र ज्ञानेन्द्रकुमार विष्ट जिल्ला सदस्यमा उम्मेदवारी दिँदै छन् । संघका वरिष्ठ उपाध्यक्ष रामहरि खनाल महाधिवेशन प्रतिनिधिमा उम्मेदवारी दिँदै छन् । होटल व्यवसायी वासुदेव ढुङ्गाना र शेरबहादुर परियार महाधिवेशन प्रतिनिधिमा र रामकुमार अर्याल प्रदेशमा उम्मेदवारी दिँदै छन । रेष्टुराँ एण्ड बार एशोसिएशन सौराहाका पूर्वअध्यक्ष राजन भट्ट प्रदेश प्रतिनिधिमा उम्मेदारी दिने तयारीमा छन् ।

उद्योग परिसंघ बागमती प्रदेशका अध्यक्ष एवं उद्योग संघ चितवनका पूर्वअध्यक्ष भेषराज दुवाडी महाधिवेशन प्रतिनिधि निर्वाचन लड्ने तयारीमा छन् । उद्योग वाणिज्य संघ चितवनका पूर्वअध्यक्ष उत्तमलाल चुके प्रदेश प्रतिनिधिमा उम्मेदवारी दिँदै छन् । कांग्रेस चितवनका सभापति जीतनारायण श्रेष्ठ जिल्लाका दुई हजार ९०० हाराहारी प्रतिनिधिमा आधा ५० वर्षभन्दामुनिका रहेको बताउँछन् । प्रतिनिधि युवा, व्यवसायी, बुद्धिजीवी, पेशाकर्मीलगायतका छन् । यो निर्वाचनमा उद्योग व्यवसाय क्षेत्रबाट धेरैको प्रतिनिधित्व हुने देखिएको उनको भनाइ छ । कांग्रेस चितवनका कोषाध्यक्ष शङ्कर प्रसाद कँडेल व्यावसायिक पृष्ठभूमिको छन् । उनी अबका निर्वाचनमा महाधिवेशन प्रतिनिधिको उम्मेदवार मात्रै रहेर स्थानीय तहको निर्वाचनमा भरतपुर महानगरपालिकाको प्रमुख पदमा उम्मेदवार बन्ने तयारीमा लागेका छन् । जिल्ला सभापति श्रेष्ठ उद्योगी व्यावसायिक क्षेत्रमा नेतृत्व गरेका दुवाडी, चुके, गौतम, श्रेष्ठ, दीर्घमान लगायतका व्यक्ति कांग्रेसका राजनीतिमा सक्रिय भएको बताउँछन् ।

चितवन च्याम्बर अफ कमर्सका अध्यक्षसमेत रहेका कांग्रेस केन्द्रको उद्योग व्यापार विभागका सचिव दीर्घमान श्रेष्ठ उद्योग व्यवसायमा राम्रो सफलता हासिल गरेका व्यक्ति सक्रिय राजनीतिमा आउनु सकारात्मक भएको बताउँछन् । संघका पूर्व जिल्ला अध्यक्ष चुके व्यावसायिक पृष्ठभूमिका व्यक्ति राजनीतिमा आउँदा व्यवसायीका नीतिगत समस्या बुझ्ने र समाधान हुने बताउँछन् । उनले भने, "व्यावसायिक व्यक्ति राजनीतिमा आउँदा राजनीतिमा भ्रष्टाचार कम हुन्छ ।"

संघका पूर्वअध्यक्ष गौतम व्यावसायिक व्यक्ति राजनीतिमा आउँदा पार्टीका नेता कार्यकर्तालाई राजनीतिसँगै व्यापार व्यवसायमा जोड्ने हुँदा समग्र राष्ट्रका लागि नै हित हुने बताउँछन् । उनले भने, "सधैँ चन्दा मागेर पार्टी चलेन, नेता आउँदा नोट माग्छ कि भोट माग्छ भन्ने भएन ।" पार्टीलाई आर्थिक रुपमा सवल र दह्रो बनाउँदै पार्टीका लागि जीवन र जोवन खर्चिका योद्धाको सम्मानका लागि आफूले उम्मेदवारी दिन लागेको उनी बताउँछन् ।

# यातायात कार्यालयको सेवा सुधार गर्न नयाँ मापदण्ड




रुपन्देही (रासस)/ सवारी चालक अनुमतिपत्र वितरणमा चरम लापरबाही भइरहेको गुनासो बढेपछि श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालयले थप मापदण्ड बनाएर कडाइ गर्ने भएको छ ।

सेवाग्राहीको गुनासो सम्बोधन गर्न यातायात व्यवस्था तथा सवारी चालक अनुमतिपत्र कार्यालयको सेवामा उल्लेख्य सुधार ल्याउनुपर्ने भएकाले मन्त्रालयले थप मापदण्ड बनाएको हो । यातायात व्यवस्था तथा सवारी चालक अनुमतिपत्र कार्यालयबाट प्रवाह हुने सेवा चुस्तदुरुस्त भए नभएको निगरानी गर्ने र कुनै कमजोरी भएको पाइए कारबाही गर्ने मन्त्रालयले जनाएको हो ।

"खुलेयाम पैसा लिएर लाइसेन्स वितरण गरेको भन्ने सवाग्राहीबाट गुनासो आएको छ, गुनासो धेरै आएपछि कार्यालयलाई स्पष्टीकरणसमेत सोधिएको छ । कर्मचारीको कमजोरी भेटिए तत्कालै कारबाही गर्छौं", मन्त्रालयका सचिव कुमारप्रसाद दाहालले भने ।

मन्त्रालय मातहतका कुनै पनि निकायबाट भ्रष्टाचार तथा अनियमितता भएको भए कसैलाई बाँकी नराख्ने उनको भनाइ थियो । "मन्त्रालय तथा मातहतका निकायका सेवामा कुनै गुनासो भए सिधै मलाई सम्पर्क गर्नुस् दुई घण्टाभित्रै कारबाही हुन्छ", सचिव दाहालले भने ।

कार्यालयका कर्मचारीले सवारी चालक अनुमतिपत्र दिँदा आर्थिक चलखेल गरेको गुनासो धेरै आएपछि मन्त्रालयले कडाइ गरेको हो । सेवाग्राहीको गुनासोपछि मन्त्रालयले कार्यालयलाई दुईपटक स्पष्टीकरण सोधिसके पनि अझै जवाफ आएको छैन ।

मन्त्रालयले आर्थिक अनियमितता अन्त्यका लागि कर्मचारीलाई सचेत बनाउने मात्र नभई नयाँ मापदण्ड बनाउने तयारी पनि गरेको छ । सवारी चालक अनुमतिपत्रका लागि परीक्षा दिने क्रममा कुनै अनियमितता नहोस् भनेर डिजिटल ट्रायल सेन्टर निर्माणको प्रक्रिया सुरु गरिएको छ ।

रुपन्देहीको बेलबासमा निर्माणाधीन ट्रायल सेन्टरमा डिजिटल ट्रायल सेन्टर निर्माणको प्रक्रिया थालिएको हो । ट्रायल सेन्टर निर्माणका लागि अहिले परामर्शदाता छनोटको काम भइरहेको छ । कार्यालय सुधारको प्रयास भइरहेको बताउँदै मन्त्रालयका उपसचिव तारा ज्ञवालीले डिजिटल ट्रायल सेन्टरमा परीक्षा सञ्चालन गर्नेबित्तिकै सेवाग्राहीका गुनासो कम हुने विश्वास व्यक्त गरे । आजैदेखि ट्रायल सेन्टरमा निगरानीका लागि मन्त्रालयको प्रतिनिधि पठाइएको छ ।

"डिजिटल ट्रायल सेन्टर बनेपछि सवारी अनुमतिपत्रका लागि प्रयोगात्मक परीक्षा दिनेमध्ये पासलाई फेल र फेललाई पास गर्न मिल्दैन जसले गर्दा धेरैजसो समस्या समाधान हुन्छ", उनले भने । कार्यालयबाट सवारी चालक अनुमतिपत्र लिँदा दिँदा आर्थिक चलखेल हुने गरेको गुनासो पुरानै हो । यसको समाधान अझै हुन सकेको छैन । सेवाग्राही सचेत नहुँदा कार्यालय बाहिरै ठगिएर आउने गरेको कार्यालयको भनाइ छ ।

"सेवाग्राही विचौलियाबाट ठगिनुहुन्छ अनि दोष कार्यालयलाई आउँछ", यदी कार्यालयका कर्मचारीबाट कमजोरी भए तत्कालै कारबाही हुन्छ", कार्यालयका प्रमुख तेजनारायण यादवले भने । हिजोमात्रै बुटवलको एक ड्राइभिङ सेन्टरले आवदेन भर्दामात्रै पाँच हजार लिएको गुनासो सेवाग्राहीले गरेपछि पैसा फिर्ता गर्न लगाइएको उनले बताए ।

"समस्या कार्यालयबाट भएको होइन विचौलियाका कारण भएको हो । कार्यालयमा नि:शुल्क हुने काम बाहिर पैसा तिरेर आउँछन् । यसमा सेवाग्राही नै सचेत हुनुपर्छ", प्रमुख यादवले जोड दिए । पछिल्लो समय सवारी चालक अनुमतिपत्रका लागि आवेदन दिन यातायात व्यवस्था विभागमार्फत ३५ हजार सेवाग्राही टोकन लिएर बसेको कार्यालयले जनाएको छ । सवारी चालक अनुमतिपत्रका विषयमा धेरै प्रश्न उठेपछि मन्त्रालयले आजदेखि ट्रायल सेन्टरमा निगरानीका लागि प्रतिनिधि पठाएको छ । लिखित तथा प्रयोगात्मक परीक्षाको निगरानी गरेर सेवामा सुधार ल्याउने मन्त्रालयको योजना छ ।

मन्त्रालयले वार्षिक कार्यतालिका तालिका बनाएर यातायात क्षेत्र सुधार तथा व्यवस्थापनका लागि कार्यक्रम र बजेट तय गरेको छ । मन्त्रालयका अनुसार यातायात क्षेत्रको सुधारका लागि विभिन्न जिल्लामा रहेका यातायात व्यवस्था सेवा कार्यालयलाई व्यवस्थित गरी कम्प्युटरमार्फत सबै प्रकारका अभिलेख व्यवस्थापन गर्ने कामको सुरुआत गरिएको छ ।

आर्थिक वर्ष ०७८/७९ मा नवलपरासी र कपिलवस्तुमा यातायात व्यवस्था सेवा कार्यालय स्थापना गरिएको छ भने यातायात व्यवस्था सेवा कार्यालय पाल्पामा ट्रायल सेन्टर निर्माण गरी सेवा प्रारम्भ गरिएको छ । यस्तै चालक सचेतना अभिवृद्धि कार्यक्रम र सवारी दुर्घटना न्यूनीकरण र सवारी व्यवस्थापनका लागि पनि छुट्टै बजेट विनियोजन गरि कार्ययोजना बनाइएको छ ।

मन्त्रालयअन्तर्गत बुटवल, नेपालगञ्ज र दाङमा सवारी यातायात व्यवस्था कार्यालय, बुटवलमा सवारी चालक अनुमतिपत्र कार्यालय र भैरहवा, पाल्पा र प्युठानको भालुवाङमा यातायात व्यवस्था सेवा कार्यालय छन् ।

यातायात कार्यालयबाट वार्षिकरुपमा करिब रु पाँच अर्ब राजस्व सङ्कलन हुने गरेको छ तर यी कार्यालयबाट भएका सेवा प्रवाहबाट सेवाग्राही सन्तुष्ट छैनन् । नागरिकलाई गुनासोरहित सेवा प्रवाह गर्न यातायात व्यवस्थापनका क्षेत्रमा उल्लेख्य सुधारको खाँचो रहेको उपसचिव ज्ञवालीको भनाइ थियो ।

# भरतपुर अस्पतालमा रोटरी स्पाइनल इन्जुरी सेन्टर निर्माण सुरु




चितवन (रासस)/ मेरुदण्डमा समस्या देखिएका बिरामीको उपचारका लागि रोटरी क्लबको अगुवाइमा भरतपुर अस्पताल परिसरमा रोटरी स्पाइनल इन्जुरी सेन्टर निर्माणको काम थालिएको छ । आज जग पूजा गरेर निर्माण कार्य थालिएको हो ।

चितवनका ६, नवलपरासीका दुई र ललितपुरको एक गरी ८ वटा क्लबले आर्थिक संकलन गरी सेन्टर निर्माण गर्न लागेका हुन । निर्माण समितिका संयोजक उत्तमलाल चुकेका अनुसार ६ करोडमा सेन्टर निर्माण गर्ने तयारी गरिएको छ । सुरुमा २५ शय्या र पछि ५० शय्या बनाइने उनले जानकारी दिए । रोटरी क्लबसँगै स्थानीय तह, प्रदेश र संघीय सरकारसँग सहयोग संकलन गरिने चुकेले जानकारी दिए ।

रोटरी क्लब अफ चितवन रत्ननगर, नारायणगढ, भरतपुर, नारायणी मिडटाउन, गैँडाकोट, पूर्वी चितवन, कावासोती र जावलाखेलको संयुक्त परियोजनाको रुपमा सेन्टर अघि बढाइएको हो । रोटरी क्लब अफ रत्ननगरका पूर्व अध्यक्ष जनक पौडेलले निर्माण सम्पन्न भएसँगै भरतपुर अस्पताललाई हस्तान्तरण गरिने बताए ।

एक वर्षभित्रमा निर्माणको काम सम्पन्न गर्ने लक्ष्य राखिएको उनले बताए । मेरुदण्डका बिरामी राखिने भएकाले भूइँ तला मात्र बनाइने छ । अस्पताललाई हस्तान्तरणपछि पनि आवश्यक सहयोग रोटरीले गर्ने पौडेलको भनाइ छ । भरतपुर अस्पतालमा यसअघि नै विसं २०६९ असार १ गतेबाट स्पाइनल सेन्टर सञ्चालन गरिएको थियो । हाल १० शय्याको सो सेन्टर कोभिडका कारण अन्य विभागमा गाभेर सञ्चालन गरिएको छ ।

भरतपुर अस्पतालका मेडीकल सुपरिटेण्डेन्ट प्रा.डा. कृष्ण प्रसाद पौडेल स्पाइनल उपचारको विज्ञ समेत हुनुहुन्छ ।

अस्पतालको पाँच का जमिनमा सेन्टर निर्माण थालिएको हो । यसले स्पाइनलमा समस्या भएका बिरामीको उपचारमा सघाउ पुग्ने पौडेलको भनाइ छ । भरतपुर अस्पताल विकास समितिका अध्यक्ष डा भोजराज अधिकारीका अनुसार निर्माणपछि यसको सञ्चालन विकास समितिलेनै गर्ने छ । सेन्टर पूर्ण रुपमा निर्माण गरी उपकरणसहित जडान गरेर रोटरीले अस्पताललाई हस्तान्तरण गर्ने उनले जानकारी दिए ।

सेन्टरलाई उपचारसँगै पुन:स्थापना केन्द्रको रुपमा विकास गरिने छ । मेरुदण्डका बिरामीमा अन्य समस्या भएमा अस्पतालमानै उपचार गर्न सकिने भएकाले यो सेन्टर निकै प्रभावकारी हुने अधिकारीको भनाइ छ ।

सरकार आफैले गर्नुपर्ने काममा रोटरीको अगुवाइमा हुन लागेको भन्दै उनले सबैलाई आवश्यक सहयोगका लागि अनुरोध गरे ।

# कर्मचारी व्यवस्थापन हुन्छ- मन्त्री बराल

गण्डकी (रासस)/ गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बरालले छिट्टै कर्मचारी व्यवस्थापन हुने जानकारी दिएका छन् ।

अर्थ मन्त्रालयद्वारा आइतबार मुस्ताङमा आयोजित बजेट कार्यान्वयन र आर्थिक अनुशासनसम्बन्धी अन्तर्क्रिया एवं छलफल कार्यक्रममा उनले प्रादेशिक कार्यालयमा कर्मचारी अभावले गर्दा धेरै योजना प्रभावित हुन लागेको हुँदा छिट्टै कर्मचारी व्यवस्थापन गर्ने बताए ।

उनले भने, "संघीय सरकारले प्रदेशमा आवश्यक पर्ने कर्मचारी व्यवस्थापन गर्न नसक्दा र प्रदेशले लोकसेवा आयोग ढिलो ल्याउँदा कर्मचारी व्यवस्थापन गर्न कठिन भएको हो ।"

प्राप्त बजेट बढीभन्दा बढी कार्यान्वयन गर्न कर्मचारीलाई निर्देशन दिँदै मन्त्री बरालले अघिल्लो वर्षको तुलनामा यस वर्ष करिब पाँच अर्ब कम बजेट विनियोजन भएकाले प्राप्त बजेटलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नुपर्ने आवश्यकता औँल्याए । जिल्ला समन्वय समिति मुस्ताङका उपप्रमुख राजेन्द्र शेरचनले कर्मचारी अभावले गर्दा विकास निर्माण एवं जनताका धेरै काम प्रभावित भएको बताए ।

अर्थ मन्त्रालयका सचिव वैकुण्ठप्रसाद अर्यालले बजेट कार्यान्वयनको अवस्था बुझ्ने कठिनायी भएका अवस्थामा सहजीकरण गर्ने उद्देश्यले जिल्लामा छलफल गरिएको जानकारी दिए । कोष लेखा तथा नियन्त्रण कार्यालय मुस्ताङका डालेश्वर अर्यालले प्राकृतिक स्रोत साधनबाट राजस्व संकलन हुन नसकेको गुनासो गरे । स्वास्थ्य कार्यालय मुस्ताङका टीकाराम भण्डारीले मुस्ताङमा हाल दुई होम आइसोलेसनका कोरोना संक्रमित छन् भने जिल्लामा कोरोनाबाट हालसम्म १५ जनाको मुत्यु भएको जानकारी दिए ।

पूर्वाधार विकास कार्यालयका प्रमुख विवेक सिग्देलले जिल्लामा छवटा बहुवर्षीय योजना भएको जनाउँदै यसै वर्ष उक्त योजनासहित अन्य दायित्व कार्यालयलाई करिब १४ करोड आवश्यक पर्ने भएको दाबी गरे । सामाजिक विकास कार्यालय मुस्ताङका प्रमुख रामचन्द्र ढुङ्गानाले हालसम्म आफु मात्र एक कर्मचारी भएकाले काम गर्न कठिन भएको गुनासो गरे । हालै गठन भएको कार्यालयमा एक मात्र कर्मचारी हुँदा आफूले चाहेर पनि काम गर्न कठिन भएको उनको भनाइ छ ।

मुस्ताङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माको अध्यक्षतामा सम्पन्न भएकोकार्यक्रममा अर्थमन्त्रालयका शाखा अधिकृतद्वय केशव सुवेदी, डिल्ली सुवेदीलगायतका प्रदेशका विभिन्न कार्यालयका प्रमुख एवं प्रतिनिधिले विकास निर्माणका बारेमा चर्चा गरेका थिए ।

यसैबीच, आइतबारै मुस्ताङमा आएको हिउँपहिरोमा परी घाइते भएकालाई मन्त्री बरालले जिल्ला अस्पताल मुस्ताङमा पुगेर उनीहरूको स्वास्थ्य अवस्थाबारे जानकारी दिए । हिउँपहिरो गएको क्षेत्र घट्टेखोला क्षेत्रमा पुगेर समेत उनले स्थानीयलाई सचेत रहन आग्रह गरेका थिए ।

**महत्वपूर्ण कागजपत्र हराएको सूचना**

निम्नलिखित विवरण भएको ब्लुबुक, लाईसेन्स कात्तिक १२ गते हेटौंडा-४, कान्तिराजपथबाट स्कुलरोड आउनेक्रममा हराएको हुँदा भेट्नुहुने जो कोहीले नजिकैको प्रहरी कार्यालय वा तपशिलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनीको नाम** : बिवेक महत
**सवारी साधन नम्बर** : बागमती प्रदेश ०३-०३-५२७७
**लाईसेन्स नम्बर** : ०५-११६९५६
**सम्पर्क नम्बर** : ९७४६५२२३८६

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# महिला समूहद्वारा सहयोग



साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरका पश्चिमी क्षेत्र मनहरी गाउँपालिका वडा नम्वर-९ मा रहेको प्रगतीशील महिला समूहले चितवनको भरतपुर स्थित मञ्जुश्री असहाय संरक्षण केन्द्रमा आश्रीत बालबालिकाहरुका लागि खाद्यान्न, शैक्षिक तथा सरसफाइ जन्य सागम्री सहयोग गरेको छ ।

समूहले तिहारमा देउसी भैलो खेलेर संकलन भएको रकमबाट अनाथ बालबालिकाहरुको लागि सहयोग उपलब्ध गराएको समूहकी सुनिता सुनारले जानकारी दिइन् । समूहले सोमबार केन्द्रमा पुगेर बाल-बालिकाहरुका लागि ३ बोरा चामल, १ बोरा आलु, ५ केजी दाल, १ कार्टुन, बिस्कुट १ कार्टुन, केही प्याकेट आँटा तथा नुन, लुगा धुने सर्फ ५ केजी, नुहाउने साबुन १ दर्जन, कापी र पेन्सिल २/२ दर्जन सहयोग उपलब्ध गराएको समूहका सल्लाहकार दिपक पुलामीले बताए ।

आश्रीत बालबालिकाहरुको लागि सहयोग सामग्री ग्रहण गर्दै केन्द्रकी संरक्षक मञ्जु खानले महिला समूहप्रति आभार व्यक्त गरिन् । उनले विभिन्न सहयोगी हातहरुका कारण बालबालिकाहरुलाई आश्रय दिन सकिएको बताइन् । केन्द्रमा हाल २२ जना बालबालिका रहेका छन् ।

महिला हक हितका लागि क्रियाशील समूहले यसअघि पनि सामाजिक सेवाका विभिन्न काममा सक्रियता देखाउँदै आएको छ ।

# थप ३ जनामा कोरोना संक्रमण पुष्टि

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा सोमबार थप ३ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । जिल्लामा पछिल्लो २४ घण्टामा गरिएको पीसीआर र एन्टीजेन परीक्षणमा ३ जनामा कोरोना संक्रमण पुष्टि भएको हो ।

पछिल्लो २४ घण्टामा २७ जनाको पीसीआर र ७ जनाको एन्टीजेन परीक्षण गर्दा ३ जनामा कोरोना संक्रमण पुष्टि भएको जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । संक्रमण पुष्टि हुनेमा दुबै जना हेटौंडा उपमहानगरपालिकाका रहेका छन् ।

विभिन्न मितिमा संक्रमण पुष्टि भई होम आइसोलेशनमा रहेका ४ जना आज संक्रमणमुक्त भएको जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । संक्रमणमुक्त हुनेमा १ जना हेटौंडा उपमहानगरपालिका र ३ जना थाहानगरपालिकाका रहेका छन् । यस्तै, जिल्लामा हालसम्म हेटौंडाका १ सय १७ जना, थाहानगरपालिकाका ९ जना, मकवानपुरगढीका ५ जना, बागमतीका ४ जना, कैलाशका २ जना, मनहरीका १४, भीमफेदीका ७, बकैयाका ५ जना र राक्सिराङ गाउँपालिकाका २ जनाको मृत्यु भएको छ ।

**मकवानपुरमा हालसम्म १५ हजार १ सय ७६ जना संक्रमणमुक्त भएका छन् भने १६५ जना कोरोना संक्रमितको मृत्यु भएको छ ।**

जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा भने कोरोना संक्रमणका कारण हालसम्म कुनै पनि व्यक्तिको मृत्यु नभएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । यससँगै जिल्लामा कोरोना संक्रमण पुष्टि हुनेको कुल संख्या १५ हजार ४ सय २६ जना पुगेको छ ।

तीमध्ये हालसम्म १५ हजार १ सय ७६ जना संक्रमणमुक्त भएका छन् भने १६५ जना कोरोना संक्रमितको मृत्यु भएको छ । जिल्लामा पछिल्लो २४ घण्टामा थप ४ जना कोरोनाभाइरस (कोभिड-१९) संक्रमणमुक्त भएका छन् ।

# अख्तियारले प्रदेश प्रमुखलाई प्रतिवेदन बुझायो

साझाकुरा संवाददाता

हेटौंडा/अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हेटौंडास्थित कायालयले बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्मालाई वार्षिक प्रतिवेदन पेश गरेको छ ।

सोमबार अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाका प्रमुख अर्जुन कुमार शर्माले प्रदेश प्रमुख शर्मालाई २१ औं वार्षिक प्रतिवेदन पेस गरेका हुन् । आर्थिक वर्ष २०७७-०७८ को अन्त्यसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडामा ९ सय २९ उजुरीहरु विभिन्न माध्यमबाट प्राप्त भएको प्रतिवेदनमा उल्लेख छ ।

उजुरी मध्ये ५ सय ११ वटा उजुरीहरू फच्र्यौट भएका छन् । जसमध्ये २ सय ७३ वटा उजुरीहरु प्रारम्भिक छानविनबाट तामेलीमा राखिएको अख्तियारको जनाइएको छ । ५७ वटा उजुरीहरु सुझाब सहित तामेलीमा पठाइएको छ । फच्र्यौट भएका उजुरी मध्यमा ५४ वटा उजुरीमा विस्तृत अनुसन्धान गर्ने निर्णय भएको अख्तियार हेटौंडाका प्रमुख शर्माले बताए ।

# सरकारको निर्णय आपत्तिजनक: *पौडेल*

साझाकुरा संवाददाता



हेटौंडा/बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले विद्युतीय बस खरिद प्रक्रिया र सुरुङमार्ग निर्माण प्रक्रिया रोक्ने वर्तमान सरकारको निर्णयप्रति आपत्तिजनक रहेको दाबी गरेका छन् ।

सोमबार पौडेलले एक विज्ञप्ती जारी गर्दै वर्तमान सरकारले गरेको विद्युतीय बस खरिद प्रक्रिया र सुरुङमार्ग निर्माण प्रक्रिया रोक्ने निर्णय राष्ट्रघाती र आपत्तिजनक रहेको बताएका हुन् । उनले नवगठित गठबन्धन सरकारको उक्त निर्णय देशलाई गरिब नै बनाइराख्ने सोच र व्यवहारबाट निर्देशित भएको आरोप समेत लगाएका छन् ।

पौडेलले इन्धन र मोटर पार्टसको खर्च कम गर्न नेकपा एमाले नेतृत्वको सरकारले सो योजना अघि बढाएको भएपनि वर्तमान गठबन्धनको सरकारले त्यसको विरुद्धमा निर्णय गरेर देशलाई विकासको बाटोमा जानबाट रोकेको आरोप लगाए ।

पौडेलले सयौं किलोमिटरको दुरीलाई घटाएर इन्धन तथा मोटर पार्टसमा खर्च हुने अरबौं रुपैयाँ बचाउने, घण्टौंको यात्रा अवधि तथा दुर्घटनालाई समेत न्यूनीकरण गरी देशको अर्थतन्त्रलाई मजबुत बनाउने उद्देश्यसहित प्रदेश सरकार स्थापनादेखिको सबैभन्दा महत्वको योजना भीमफेदी-कुलेखानी सुरुङमार्ग निर्माण तथा विद्युतीय उर्जामार्फत सञ्चालन हुने सवारी खरिद प्रक्रियामा नवगठित सरकारले रोक लगाएको भन्ने खबरले मर्माहत र आक्रान्त बनाएको जारी विज्ञप्तिमा उल्लेख छ ।

वर्तमान सरकार कमिसनको खेलमा परेर देशमा नै उत्पादन भएको विद्युत खेर फाल्ने र विदेशबाट इन्धन खरिद गरी सवारी सञ्चालन गर्ने उद्देश्य लिएर अघिल्लो सरकारले गरेको विद्युतीय बस खरिद प्रक्रिया रोक्ने निर्णय गरेको उनको पौडेलको भनाइ छ ।

'पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुँदै जाने तथा देशमै उत्पादन भएको विद्युत उपभोग गर्न नपाएर खेर जाने वर्तमान अवस्थामा कमिसनको खेलमा परेर विदेशबाट ल्याइने इन्धनबाट सञ्चालन हुने सवारीलाई प्रोत्साहन हुनेगरी विद्युतीय सवारी रोक लगाइनु आधुनिक नेपाली समाजप्रति भद्दा मजाक पनि हो ।' विज्ञप्तिमार्फत उनले भनेका छन् । 'यस्ता विकास विरोधी निर्णयले देशलाई माया गर्ने तमाम नेपाली नागरिकलाई प्रहार गरेको छ ।'

# विद्यार्थीलाई शैक्षिक सामग्री



साझाकुरा संवाददाता

हेटौंडा/परोपकारी युवा सञ्जाल र दाह्री ग्याङ हेटौंडाको सहकार्यमा विद्यार्थीहरुलाई शैक्षिक सामग्री सहयोग गरिएको छ ।

मकवानपुरगढी गाउँपालिकाको आमभञ्ज्याङस्थित देउराली डाँडामा रहेको उज्ज्वल प्राथमिक विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री दिइएको हो । ४० जना विद्यार्थीहरुलाई कपि, कलम र ब्याग हस्तान्तरण गरिएको छ । विद्यार्थीलाई अध्ययनमा सहयोग पुऱ्याउने उद्देश्यले शैक्षिक सामाग्री हस्तान्तरण गरिएको दाह्री ग्याङका सदस्य अधिराज वाग्लले बताए । कार्यक्रममा परोपकारी युवा सञ्जाल नेपालका अध्यक्ष रमेश सापकोटा, सदस्यहरु उमेश पराजुली, महेश शाही ठकुरी, पुरुषोत्तम गुप्ता, ईश्वर विष्ट, युवराज भण्डारी, दाह्री ग्याङका संयोजक अजित खड्का, उत्सव दाहाल, जोन पहाडी लगायतको उपस्थिति थियो ।

# पुरुषको शव फेला

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका-१० स्थित वन विज्ञान अध्ययन संस्थान (फरेष्टि क्याम्पस) नजिकै झाडीमा एक जना पुरुषको शव फेला परेको छ ।

अन्दाजी ३५ बर्षको पुरुष लडिरहेको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरिक्षक जयश्वर रिमालले जानकारी दिए । उनका अनुसार मृतकको नाकबाट रगत बगेको देखिएको छ ।

ती युवकको हत्या भएको हो वा आत्महत्या हो भन्ने विषयमा प्रहरीले अनुसन्धान गरिरहेको छ । उनको सनाखत गर्ने प्रयास पनि भइरहेको रिमालले जानकारी दिए । पुरुषको शव झाडीमा देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । घटनाबारे प्रहरीले अनुसन्धान अघि बढाएको छ ।

# 'असार, साउन' सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा/गायक सोयल लामा र गायिका शशिकला स्याङ्तानको स्वरमा रहेको 'असार साउन' बोलको गीतको म्यूजिक भिडियो सार्वजनिक भएको छ ।

दिनेश तामाङको शब्द र प्रकाश तामाङ तितुङको संगीत र दिपेश प्रधानले एरेन्ज गरेको सो गीतको म्यूजिक भिडियो आइतबार जिग्मी मिडियाको यु ट्यूब च्यानलबाट सार्वजनिक गरिएको हो ।

गीतमा कलाकारहरु सन्जय लामा, मन्जु लामा, रायु घले र सुनैना लामाको प्रस्तुती रहेको छ । रायु घलेको कोरियोग्राफी रहेको सो गीत टिकटकमासमेत निकै रुचाइएको छ । म्यूजिक भिडियो मकवानपुरको बकैया गाउँपालिका वडा नम्वर ३ बुद्धमाविमा छायाँकन गरिएको हो ।


## हार्दिक समवेदना



जन्मः २०२२ माघ १७

स्वर्गारोहणः २०७८ कार्तिक २७

स्व. देवकीदेवी न्यौपाने

यस सहकारी संस्थाका सचिव श्री **सुनिलकुमार न्यौपाने**को ममतामयी माता **देवकीदेवी न्यौपाने**को असामयिक स्वर्गारोहण भएकोमा हामी अत्यन्त मर्माहत भएका छौं । दुःखको यस घडिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि., परिवार**

हेटौंडा-१०, मकवानपुर



## साधारणसभा उपस्थित हुनेबारे सूचना

यस हेटौंडेली बचत तथा ऋण सहकारी संस्था लिमिटेडको संचालक समितिको मिति २०७८/०६/१९ गते बसेको बैठकको निर्णयानुसार यस वर्षको १३ औं बार्षिक साधारणसभा यहि मिति २०७८ मंसिर १, २ र ३ गते आयोजना हुन गइरहेकोले अनिवार्य जानकारी नभएमा यसै सूचनालाई आधारमानी उपस्थितको लागि शेयर सदस्यज्यूहरुलाई हार्दिक निमन्त्रणा गर्दछौं ।

नोटः यातायात खर्च स्वरुप रु.५००/- मा करकट्टी गरी रु.४२५ प्रदान गरिनेछ । *परिचय पत्र अनिवार्य रुपमा लिएर आउनुहोला ।*

गौतम केसी (सचिव)

**हेटौंडेली बचत तथा ऋण सहकारी संस्था लि.**

हेटौंडा-४ स्कूलरोड



## निर्माण सम्बन्धि सामाग्री खरिद गर्न हामीलाई सम्झनुहोस्

घर वा ठूला आयोजना निर्माण गर्दै हुन्छ ?



निर्माणका लागि हार्डवेयर सामाग्री एकमुष्ठ खरिद गर्न अब



हामीलाई सम्झानुहोस् । यहाँ विभिन्न कम्पनीका रड, सिमेन्ट, रंग/रोगन, वाथरुम र गाडी मर्मतका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।

**हाम्रो हार्डवेयर एण्ड सप्लायर्स**

हेटौंडा-४, कान्तिराजपथ, फोनः ०५७-५९०६४१, ९८५५०४२९६३



चितवन मेडिकल कलेज, CMC भरतपुरका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ

**डा. प्रकृति सिटैला**

अब

## हेटौंडा सिटी हस्पिटलमा

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तैः-

- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- महिनावारी गडबडी हुने
- सेतो पानी बग्ने
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली सम्बन्धि समस्या लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुमको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र आजै आफ्नो नाम दर्ता गर्नुहोला ।

थप जानकारीको लागि

**हेटौंडा सिटी हस्पिटल प्रा.लि,**

फोन नं.:०५७-५२०३१५, ५२०५७०, साथै प्रत्येक दिन HD Quality को अत्याधुनिक प्रविधियुक्त Endoscopy सेवा ।






**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती, फोनः ९८४१७७१६६४, ९८५५०३१६६४



## राष्ट्रिय जनगणना २०७८

मेरो गणना-मेरो सहभागिता

- जनगणनामा विशेष गरी
  - अल्पसंख्यक समुदाय, देशका दूरदराज र पिछडिएका क्षेत्रमा बसोबास गर्ने मानिस, आमसञ्चारको पहुँचबाट पर रहेका समुदाय, रोजगारीको लागि अत्यधिक व्यस्त रहनु पर्ने व्यक्तिहरु छुट्ने सम्भावना धेरै हुन्छ ।

त्यसैले;

- आफ्नो घर, टोल, छिमेक, बस्ती, समुदाय आदिमा कोही छुटेको थाहा पाइएमा पैसा नलाग्ने फोन नम्बर ११७८ मा फोन गरी जानकारी दिऊँ ।

गणना गर्ने अवधिः कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म

नेपाल सरकार
विज्ञापन बोर्ड



२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म हुने

**राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।**

कोही नछुटौं, कोही नदोहरिऔं ।

बसोबास गरेकै ठाँउबाट आफ्नो विवरण लेखाऔं ।

घर घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।

**बागमती प्रदेश जनगणना कार्यालय, हेटौंडा, मकवानपुर**

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८



साझाकुरा

## *"तपाईं हामी सबैको कुरा"*

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेवसाइडमाः ***www.sajhakuranews.com***

सर्च गर्न नभुल्नुहोला ।

साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालयः हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल